जिल्ला प्रशासन कार्यालय काठमाडौं

<u>इजलाश</u>

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.२३/६८

दर्ता मिति :– २०७०/०३/१३

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.२३४४ , मिति :– २०७१/१२/०१

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले<br>**नेपाल सरकार**...............१<br>निजको प्रमाण...×.... | थामी टासी तामाङको छोरा, धादिङ्ग जिल्ला, दार्खा गा.वि.स. वडा नं.८ घर भई का.जि. बालाजु बानियाटारमा डेरा गरी बस्ने वर्ष ४५ को विक्रम तामाङ लामा............................................................ १<br>निजको प्रमाण<br>साक्षी : नरेन्द्र थापा, कृष्ण बस्याल<br>कागज ...×...... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...×.....

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. मिति २०६४।८।९ गते साँझ बैंक अफ काठमाण्डाका कर्मचारीहरुलाई नियन्त्रणमा लिई हातहतियार देखाई रु. २,१२,३२,१८३।७० नगद र रु. ५०,०००।- पर्ने सि.सि.टि.भि समेत डाँका गरी लगेका मारवाडी भन्ने मदिशे पुरुष, विक्रम लामा, दिपेन लामा, केशव भन्ने व्यक्ति, राजु लामा, राजु थापा, विजय लामा, सोभित गुरुङ्ग, विजय सुब्बा लिम्बू, आले लामा, दाइ भन्ने कुमार लामासमेतका अन्य व्यक्तिहरुका हकमा पक्राउ परी वा एकिन नाम थर वतन खुली आएका बखत छुटै मागदावी लिइने भन्ने व्यहोराको मिति २०६५।१२।१७ गतेको अभियोग पत्र ।

२. मिति २०६९।५।२५ मा का.जि.का.म.न.पा. २९ लैनचौरमा हिडिरहेको अवस्थामा प्रतिवादी विक्रम तामाङ्ग लामालाई पक्राउ गरिएको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।.

३. मिति २०६४।८।९ गते बेलुका बैंक अफ काठमाण्डौमा डाँका गर्न आएका व्यक्तिहरु मध्येका यी प्रतिवादी विक्रम तामाङ्ग लामा समेत हुन भन्ने व्यहोराको संजिव बस्नेत समेतको मानिस सनाखत कागज ।

४. मिति २०६४।८।९ गतेका दिन डाँका बैंक आई काठमाण्डौमा डाँका गर्ने कार्यमा म संलग्न थिइन भन्ने व्यहोराको प्रतिवादी विक्रम तामाङ्ग (लामा)को बयान ।

५. प्रस्तुत मुद्दामा मिति २०६५।१२।१७ मा दायर अभियोग व्यहोरा, प्रतिवादी सनाखत कागज र प्रतिवादीको वयान समेतबाट यी प्रतिवादी विक्रम तामाङ्ग (लामा) समेतले विना इजाजत हातहतियार साथमा लिई हिड्ने तथा राख्ने गरेको वारदात स्थापित हुन आयो । मिति २०६४।८।९ गते साँझ बैंकका कर्मचारीलाई नियन्त्रणमा लिई हातहतियार देखाई रु. २,१२,३२,१८३।७० नगद र रु. ५०,०००।- पर्ने सि.सि.टि.भि समेत डाँका गरी लगेका मारवाडी भन्ने मदिशे पुरुष, विक्रम लामा, दिपेन लाम, केशव भन्ने व्यक्ति राजु लामा, राजु थापा, विजय लामा, सोभित गुरुङ्ग, विजय सुब्बा लिम्बू, आले लामा, दाइ भन्ने कुमार लामा समेतका अन्य व्यक्तिहरुका हकमा पक्राउ परी वा यकिन नाम थर वतन खुली आएका बखत छुटै मागदावी लिइने भन्ने व्यहोराको **मिति २०६५।१२।१७ गतेको अभियोग-पत्र** रहेकोमा मिति २०६४।८।९ गते बेलुका बैंक अफ काठमाण्डौमा डाँका गर्न आएका व्यक्तिहरुमध्येका यी प्रतिवादी विक्रम तामाङ्ग लामा समेत हुन् भन्ने व्यहोराको संजिव बस्नेत समेतको मानिस **सनाखत कागज** रहेको छ । प्रतिवादी विक्रम तामाङ्ग (लामा) गरेको बयानमा मिति २०६४।८।९ गतेका दिन काठमाण्डौमा डाँका गर्ने कार्यमा म संलग्न थिइन भनी खुलाई बयान गरेता पनि यी प्रतिवादी समेतले बैंक अफ काठमाण्डौमा डाँका गरी बिना इजाजत हातहतियार राख्ने साथमा लिई हिड्ने गरेको पुष्टि भएकोले निज प्रतिवादी विक्रम तामाङ्ग (लामा) लाई **हातहतियार सरखजना ऐन, २०१९ को दफा ३(२) र ५(१) बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा २०(२)(क) र २०(३)(क) बमोजिम सजाय हुन मागदावी लिई** मिति २०७०।३।१३ मा पेश भएको पुरक अभियोग-पत्र पेश भएको रहेछ ।

६. म उक्त घटना घटेको मिति र समयमा पोखरामा गिट्टी वालुवाको काम गरि रहेको थिए, मैंले कोत्रे खोलाको गिट्टी वालुवा निकाल्ने ठेक्का पाएकोले सोही काममा व्यस्त थिएँ, मैले उक्त बैंक लुट्ने हतियार लिई हिड्ने कुनै काम गरेको छैन, अभियोग-पत्रमा उल्लेखित व्यक्तिलाई म चिन्दिन, अनुसन्धान अधिकारी समक्षको वयान मैले भनेको होइन, गरेको छैन के कसरी लेखिएको हो मलाई थाहा भएन । मलाई लागु औषध मुद्दा लगाई यस हातहतियार खरखजाना मुद्दा पनि सुनियोजित तवरले लगाएको हो, मलाई यस मुद्दामा केही थाहा छैन, म बाट कुनै हाततियार खरखजाना वरामद भएको छैन, उक्त मुद्दाको प्रतिवादी कोही कसैलाई चिन्दिन, म हतियार बोक्ने लिई हिड्ने मानिस होइन, योजनाकार पनि होइन भन्ने समेत व्यहोराको प्रतिवादी विक्रम तामाङ लामाले यस कार्यालयमा गरेको वयान ।

७. प्रतिवादी विक्रम तामाङ लामाले वारदात हुदाका बखत आफु पोखरामा रहेको भनी कसूरमा इन्कारी रहेता पनि निजले मिति २०६९।६।१९ मा अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयानमा आफु उक्त वारदातका दिन काठमाण्डौंमा नै रहेको, बैंक डाँका गर्ने षडयन्त्रमा संलग्न रहेको तर डाँका गर्न नगएको भनी खुलाएको र उल्लेखित वारदातमा यी प्रतिवादी विक्रम तामाङ लामा समेतको संलग्नता रहेको भनी सम्वन्धित कर्मचारीहरुले मिति २०६९।६।१८ गते प्रहरी कार्यालयमा उपस्थित भई प्रतिवादीकै रोहवरमा सनाखत गरी दिएको कागजबाट देखिदा वारदात समयमा अन्यत्र रहेको भनी निजले लिएको दावीलाई तत्काल स्वीकार गर्न सकिएन । वारदातमा प्रयोग भएको हतियार समेत वरामद भएको लगायतका मिसिल संलग्न कागजातहरुका आधारमा यी प्रतिवादी कसूरदार होइनन् भन्ने विश्वास गर्ने अवस्था विद्यमान नहुदा पछि मुद्दा किनारा हुदाका वखत ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी विक्रम तामाङ लामालाई मु.ऐ.अ.वं.११८ को देहाय २ तथा हातहतियार खरखजना ऐन,२०१९ को दफा २४(क) बमोजिम प्रस्तुत मुद्दाको पूर्पक्षको निम्ति थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नू भन्ने समेत व्यहोराको यस कार्यालयबाट मिति २०७१।२।११ मा भएको आदेश ।

८. विक्रम तामाङको चालचलन आनीवानी राम्रो छ, निज सामाजिक काममा अग्रसर हुने व्यक्ति हुन,अवैध हतियार राख्ने, साथमा बोकी हिड्ने मानिस होइनन्,मिति २०६४।८।९ गते प्रतिवादी विक्रम तामाङ म सँगै पोखरामा थियो, म फलफुल व्यापारको सिलसिलामा पोखरा गएको अवस्थामा निजसँग निजकै घरमा बसेको थिए, अतयव उक्त वारदातमा निजको कुनै संलग्नता छैन,निज त्यस्तो काम गर्ने मानिस पनि नभएकाले निजलाई सजाय हुनु पर्ने होइन भन्ने व्यहोरा समेत प्रतिवादी विक्रम तामाङ लामाका साक्षी कृष्ण बस्यालले यस कार्यालय समक्षमा गरेको वकपत्र ।

९. विक्रम तामाङको चालचलन आनीवानी राम्रो छ, निज सामाजिक व्यक्ति हुन,अवैध हतियार राख्ने साथमा बोकी हिड्ने मानिस होइनन्, मिति २०६४।८।९ गते प्रतिवादी विक्रम तामाङ म सँगै पोखरामा थियौ,उक्त वारदातमा निजको कुनै संलग्नता छैन,निज त्यस्तो काम गर्ने खालका व्यक्ति हुदा पनि होइनन् अतयव निजलाई अभियोग-

पत्रको मागदावी अनुसार सजाय हुनु पर्ने होइन भन्ने व्यहोरा समेत प्रतिवादी विक्रम तामाङ लामाका साक्षी नरेन्द्र थापाले यस कार्यालय समक्षमा गरेको वकपत्र ।

१०. वकपत्रका लागि यस कार्यालयबाट तोकिएको तारेखमा वादी नेपाल सरकारका तर्फबाट कुनै साक्षी उपस्थित गराइएको देखिएन ।

११. यसै वारदातबाट उठेको डाँका मुद्दामा यी प्रतिवादीलाई सफाई दिने गरी मिति २०७१।८।८ मा काठमाण्डौं जिल्ला अदालतबाट फैसला भएको भन्ने काठमाण्डौं जिल्ला अदालतको च.नं.२३१३४, मिति २०७१।११।१७ को पत्र मिसिल संलग्न रहेछ ।

## ठहर

१२. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०६९।५।२५ गते का.जि.,का.म.न.पा.-२९ लैनचौर स्थितमा पक्राउ परी आएका प्रतिवादी विक्रम तामाङ(लामा) समेतले बैंक अफ काठमाण्डौं डाका गर्ने कार्यमा संलग्न रही हातहतियार खरखजाना आफुसँग राखे बोकेकोले प्रतिवादी विक्रम तामाङ(लामा)लाई **हातहतियार खरखजाना ऐन,**२०१९ को दफा ३(२) र ५(१) बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा २०(२) को क र २०(३) क बमोजिम सजाँय गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

१३. यसमा प्रतिवादीले अभियोग मागदावी वमोजिम कसूर गरेको हो होइन,गरेको भए निजलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

१४. मिसिल संलग्न कागजातहरु अध्ययन गरी निर्णय तर्फ विचार गर्दा मिति २०६४।८।९ गते बेलुका बैंक अफ काठमाण्डौं कमलादीमा डाँका गर्न आएका प्रतिवादी विक्रम तामाङ(लामा) समेतले हातहतियार देखाई बैंकको नगद लगेका व्यक्ति मध्ये यी प्रतिवादीलाई चिनी बैंक कर्मचारी संजिव बस्नेत र रविन शाहीले मिति २०६९।६।१८ गते गरी दिएको सनाखत कागजको रोहवरमा यी प्रतिवादीले सहीछाप गरेको देखिन्छ । अनुसन्धानका क्रममा यी प्रतिवादीले *सुन्धारा स्थित न्यू गेष्टहाउसमा म र राजु लामा एक हप्ता जति सँगै बसेका थियौं । मिति यकिन भएन र बैंक अफ काठमाण्डौंमा डाँका हुनु भन्दा ३/४ दिन अगाडि राजु लामासँग आएका मिलन लामा पनि संगै आएका थिए । सोही बेलामा २/३ दिन भित्रमा हामीले बैंक अफ काडमाण्डौंमा डाँका गर्ने योजना बनाएका छौं, सो को सम्पूर्ण तयारी भई सकेको हुदा तपाई पनि हिड्नुहोस् भनेपछि मैले मेरो कराँते गेम चलिरहेको छ म जादिन भनी जवाफ दिएं र उक्त घटनामा गएको छैन र धनमाल समेत लिएको छैन । बैंकका कर्मचारीले मेरो नाम राखी सनाखत किन गरे थाहा भएन । बैंक डाँका गर्न को को गए के के हतियार लगेका थिए थाहा भएन । डांका गर्ने योजना को कसले बनाए थाहा भएन । हर्ष बहादुर शाही को हुन् मैले चिनेको छैन, निजले मेरो नाम किन उल्लेख गरे थाहा भएन । श्याम वि क बाट हतियार वरामद भएको रहेछ । हालमात्र थाह भयो । उक्त हतियारको वारेमा मलाई जानकारी छैन* भनी कसुरमा इन्कार रही यस कार्यालयमा गरेको वयानमा *उल्लेखित बैंक लुट्ने समयमा म पोखरामा ढुंगा गिट्टी बालुवा निकाल्ने ठेक्का परेकोले सोही काममा व्यस्त थिएं । हतियार लिई बैंक लुट्ने काम मैले गरेको छैन र यस मुद्दाका अन्य प्रतिवादीहरुलाई चिन्दिन, हातहतियार को कसका हुन थाहा छैन, बैंकका कर्मचारीले मलाई चिनेको भनी किन सनाखत गरे निजहरुलाई समेत म चिन्दिन । म हातहतियार बोक्ने मान्छे होइन, योजनाकार पनि होइन । मेरा साक्षी बुझि पाउँ* भनी कसुरमा इन्कार रही वयान गरेका रहेछन् ।

१५. यी प्रतिवादी विक्रम तामाङ (लामा) लाई हातहतियार खरखजाना बोकी बैंक डाँका गर्न आएको भनी बैंक कर्मचारी संजिव बस्नेत समेतले सनाखत गरेको कागजमा यी प्रतिवादीले सहीछाप गरेका देखिएकाले उक्त सनाखत कागज सम्बन्धमा वकपत्र गर्न यस कार्यालयबाट पत्राचार भएकोमा सनाखत गर्ने बैंक कर्मचारी र मौकामा कागज गर्ने व्यक्तिले यस कार्यालयमा आई उपस्थित भई वकपत्र गर्न सकेको देखिएन । प्रतिवादीका तर्फबाट साक्षी रहेका नरेन्द्र थापा र कृष्ण बस्यालले यस कार्यालयमा उपस्थित भई उल्लेखित वारदातका समयमा प्रतिवादी विक्रम तामाङ (लामा) र हामी पोखरामा सगैं थियौं । निज विक्रम तामाङ (लामा) त्यस्तो काम गर्ने मान्छे होइनन् भनी प्रतिवादीको जिकीरलाई पुष्टि हुने गरी गरेको वकपत्र मिसिल संलग्न रहेछ ।

१६. केवल अभियोग लगाउनुमात्र कसुर स्थापित गर्ने आधार हुन सक्दैन । अभियोग प्रमाणित गर्ने दायित्व पनि वादी पक्षले वहन गर्नु पर्दछ । प्रमाण ऐन, २०३१ बमोजिम प्रमाणको भार ( Onus of Proof ) वादीमा रहन्छ । शंकाको भरमा कसैलाई कसुरदार ठहर गर्न मिल्दैन । यसै वारदातबाट उठेको डाँका मुद्दामा यी प्रतिवादीलाई सफाई दिने

गरी मिति २०७१।८।८मा काठमाण्डौं जिल्ला अदालतबाट फैसला भएको भन्ने काठमाण्डौं जिल्ला अदालतको च.नं.२३१३४, मिति २०७१।११।१७ को पत्रबाट देखिन आयो । साथै प्रतिवादीबाट कुनै हातहतियार बरामद भएको भन्ने मिसिल संलग्न कागजातबाट देखिएन ।

१७. तसर्थ मिसिल संलग्न प्रतिवादीको इन्कारी बयान, वादी पक्षले आफ्ना साक्षी प्रमाण पेश गर्न नसकेको अवस्था, प्रतिवादीका साक्षीहरुको वकपत्र, यसै वारदातसँग सम्वन्धित डाँका मुद्दामा काठमाण्डौं जिल्ला अदालतबाट सफाई पाएको अवस्था समेतका मिसिल संलग्न कागजातहरुका आधारमा यी प्रतिवादीले विना इजाजत हातहतियार खरखजाना राखेको, साथमा लिई हिडेको भन्ने तथ्य स्वतन्त्र प्रमाणहरुबाट स्थापित हुन सकेन । निज उपरको अभियोग मागदावी पुग्न सक्दैन । प्रतिवादी विक्रम तामाङ (लामा) ले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ । अरुमा तपसील बमोजिम गर्ने गरी मु.ऐ.अ.वं.१८६ नं.बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ ।

## तपसील

प्रतिवादी विक्रम तामाङ (लामा) के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजले अभियोग माग दावीबाट सफाई पाउने ठहरेकोले निजलाई अन्य मुद्दा वा कारणबाट थुना वा कैदमा राख्नु नपर्ने भएमा यस मुद्दाका हकमा आजै थुनाबाट छाडि दिन सम्बन्धित कारागारमा लेखी पठाउनु.......................................१

प्रस्तुत इन्साफमा चित्त नबुझे ७०(सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी सहित पुनरावेदन म्याद दिनू...........................................................................................................................२

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनु................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ....................................................................४

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु.भुवराज घिमिरे

..................................
( एकनारायण अर्याल )
प्रमख जिल्ला अधिकारी

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्बत् २०७१ साल चैत्र महिना १ गते रोज १ शुभम् .......................